# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल


च.नं.

प.सं.

### हाटबजार वहाल विटौरी शुल्कको ठेक्का व्यवस्थापनका लागि भएको दरभाउपत्र आव्हानको सार्वजनिक सूचना

दोश्रो पटक सूचना प्रकाशित मितिः २०८३/०२/२९

विराटनगर महानगरपालिका क्षेत्रभित्र रहेका तपशिल वमोजिमका हाटबजारहरु वाट आ.व.२०८३/०८४ को वहाल विटौरी शुल्क सङ्कलन गर्नका लागि ईच्छुक मुल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुलाई रु.१,००० (एक हजार मात्र पछि फिर्ता नहुनेगरी) विराटनगर महानगरपालिकाको नाममा रहेको कृषि विकास बैंकको खाता नं. ०६०१६०११४५९७३११३ मा जम्मा गरी यो सूचना प्रकाशित भएको मितिले ७ सात दिनभित्रमा दरभाउपत्र फाराम खरिद गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

१) विराटनगर महानगरपालिकाको स्वीकृत दररेट अनुसार विराटनगर महानगरपालिकाभित्र लाग्ने हाटवजारबाट शुल्क संकलन गर्नुपर्नेछ ।

२) दरभाउपत्रदाताले कवोल गरेको रकमको १० प्रतिशत रकम विराटनगर महानगरपालिकाको नाममा कृषि विकास बैंकको खाता नं. ०६०१६०११४५९७३०३२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल कागजात संलग्न राख्नुपर्नेछ ।

३) **दरभाउपत्र प्राप्त गर्ने अन्तिम मिति र स्थान :** सूचना प्रकाशन भएको मितिले ७ औं दिनसम्म कार्यालय समयमा राजश्व व्यवस्थापन महाशाखाबाट दरभाउपत्र फाराम उपलब्ध गराईनेछ । उक्त दिन बिदा भएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा दरभाउपत्र फाराम लिनुपर्नेछ ।

४) **दरभाउपत्र पेश गर्नुपर्ने अन्तिम मिति र स्थान :** सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको १२.०० बजेभित्रमा राजश्व व्यवस्थापन महाशाखामा दरभाउपत्र फाराम पेश गर्नुपर्नेछ । उक्त दिन बिदा भएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा दरभाउपत्र फाराम पेश गर्नुपर्नेछ । सो समय पश्चात सिलबन्दी दरभाउपत्र फारम पेश गर्न पाइने छैन ।

५) **दरभाउपत्र पेश गर्ने तरिका :** दरभाउपत्र सिलवन्दी लाहाछाप गरी छाप सख्या उल्लेखगरी विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयमा पेश गर्नुपर्नेछ ।

६) **दरभाउपत्र खोल्ने समय :** सूचना प्रकाशित मितिले ८ औं दिन दिनको २.०० वजे यस कार्यालयको हाताभित्र नियमानुसार दरभाउपत्र खोलिनेछ । सो दिन खोल्न नसकीएमा कार्यालयले तोकेको मितिमा खोलिनेछ ।

७) **ठेक्का अवधि र रकमः** आ.व. २०८३/०८४ आषाढ मसान्तसम्मको हुनेछ ।न्यूनतम ठेक्का रकम कर बाहेक रु.१५,००,६१५।- (पन्ध्र लाख छ सय पन्ध्र रुपैया मात्र) ।

**नोटः** थप जानकारी तथा शर्त विराटनगर महानगरपालिकाको राजश्व व्यवस्थापन महाशाखा अथवा यस कार्यालयको आधिकारिक वेवसाईट www.biratnagarmun.gov.np वा दरभाउपत्रमा उल्लेख भए अनुसार हुनेछ ।

च.नं.

प.सं.

८) ठेक्का विवरण: हाटबजारको विवरण तपशिल बमोजिम निर्धारण गरिएको छ ।

| कंस | बार | वडा | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | आइतबार | २ | सोमवारे हाट | |
| | | ४ | जामुनगाछी र राजवंशीचौक | |
| | | ६ | कोचाखाल BFM छेउ | |
| | | १३ | नहर छेउ | |
| | | १९ | घिनाघाट | |
| २ | सोमबार | १३ | तालिमकेन्द्र अगाडी | |
| | | १० | शिवमार्ग | |
| | | १३ र १६ को सिमाना | झमेली चौक | |
| | | १३ | तालिमकेन्द्र अगाडी | |
| ३ | मगलबार | १ | परोपरकार घाट | |
| | | ८ | अशोक चौक | |
| | | १२ | मंगलवारे | |
| | | १४ | डिग्री क्याम्पस दक्षिण | |
| | | १५ | हडताली हाट | |
| | | १९ | मिलनचौक | |
| | | ५ | त्रिमुर्तिचौक | |
| | | १ | परोपरकार घाट | |
| ४ | वुधबार | ४ | पहडगछ ढाट | |
| | | ५ | DPS स्कुल पारी | |
| | | १३ | कोशीप्रोजेक्ट | |
| ५ | बिहिबार | ३ | विहिवारे | |
| | | ५ | पृथ्वी चौक | |
| | | १३ | नहर छेउ | |
| ६ | शुक्रबार | ४ | कंन्चनवारी नहर पश्चिम | |
| | | १२ | महेन्द्र मोरङ क्यापस छेउ नहरको डिलमा | |
| | | ५ | शान्तीचौक | |
| | | १३ र १६ को सिमाना | झमेली चौक | |
| ७ | शनिबार | ५ | त्रिमुर्तिचौक | |
| | | १३ | कोशीप्रोजेक्ट | |


फोन:९७७–२१–५२३३०८,फ्याक्स:९७७–२१–५१५४५२,ईमेल:info@biratnagarmun.gov.np

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

च.नं.
प.सं.

### अन्य थप जानकारी तथा अनिवार्य शर्त

१. नियमानुसार लाग्ने मू.अ.कर, अग्रिम आयकर र न.पा. कर ठेकेदार स्वंयमले बेहोर्नुपर्नेछ ।

२. दरभाउपत्रमा रकममा अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परेमा अंक र अक्षरमध्ये जुनमा वढी उल्लेख भएको छ सोहीलाई मान्यता दिईनेछ ।

३. ठेक्का रकम बुझाउँदा सम्झौता गर्दाका बखत ५० प्रतिशत किस्ता रकमका साथै सोमा लाग्ने सम्पूर्ण कर बुझाएपछि मात्र सम्झौता गरिनेछ । उक्त किस्ता बापतको रकम बुझाइ बाँकी सबै ठेक्का र कर समेतको नगद वा २०८४ को श्रावण मसान्तसम्म म्याद भएको बैंक जमानतपत्र पेश गर्नुपर्नेछ । बैंक जमानत वा नगद धरौटी नराखी सम्झौता गरिने छैन ।

४. सम्झौता गर्दा दाखिला गरी बाँकी रहेको ५० प्रतिशत किस्ता रकम सोहि आवको पौष मषान्तमा २५ प्रतिशत र सोहि आवको आषाढ तेस्रो हप्तामा २५ प्रतिशत रकम बुझाउनु पर्नेछ । सो समयमा बुझाउन नसकेमा दैनिक रु.१,०००। (एक हजार मात्र) जरिवाना लाग्नेछ। बाँकी ठेक्का रकम बुझाउने अवधि नाघेको तिन महिना भित्रमा समेत ठेक्का रकम बुझाउन नसकेमा बैक जमानता वा नगद धरौटीबाट पहिलो पक्षले पाउने सबै ठेक्का रकम असुल गरी नगर कार्यपालिकाले ठेक्का रद्द गर्न सक्नेछ ।

५. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

६. ठेक्का अवधिमा बन्द, हड्ताल आदि भएमा त्यस वापत कुनै छुट मिनाहको दाबी गर्न पाइने छैन ।तर राष्ट्रिय संकटकाल प्लेग, हैजा महामारी तथा प्राकृतिक विपद् जस्ता कारणले नेपाल सरकार, प्रदेश सरकार वा विराटनगर महानगरपालिकाले आवतजावत वा सवारी सञ्चालनमा रोक लगाएमा नगरस्तरीय विपद् व्यवस्थापन समितिको सिफारिसमा नगर सभाले निर्णय गरी छुट मिनाहा गर्न सक्नेछ ।

७. दरभाउपत्रका साथ महानगरपालिकाको आर्थिक ऐन, २०८३ अनुसार वहाल विटौरी शुल्कको दररेटमा उठाउन पाउनेछ ।

८. स्वीकृत ठेक्का रकममा मू.अ.कर १३ प्रतिशत, अग्रीम आयकर १.५ प्रतिशत र न.पा. कर १.५ प्रतिशत थप गरी सम्झौता गरिनेछ।

९. हटिया लागेको भोलीपल्ट ठेकदारले सबै हटिया सफा गर्नुपर्नेछ । हटियादेखि बाहेक बिहान-बेलुकी लाग्ने गुद्री तथा सार्वजनिक स्थानमा खाद्य सामाग्री बेचविखन गर्ने ठेला तथा अन्य फुटपाथमा हुने विक्रीबाट समेत शुल्क संकलन गर्न पाउने तर सो वरिपरि सफाई नभए जुनसुकै समयमा शुल्क संकलनमा रोक लगाइनेछ । हटियाको पुर्ण सरसफाई गर्नु सम्बन्धित ठेकेदारको अनिवार्य कर्तव्य मानिनेछ ।

१०. दररेट भन्दा बढी रकम असुल गरेको पाईएमा प्रति पटक रु.१,०००। जरिवाना गरिनेछ ।

### संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरण समेत

२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धी कर प्रमाणपत्रको प्रतिलिपि

३. करचुक्ता (आ.व. २०८१/०८२) प्रमाणपत्रको प्रतिलिपी

४. यस कार्यालयमा संस्था सूचीकृत भएको प्रमापत्रको प्रतिलिपि

५. एकल स्वामित्वको फर्मको हकमा प्रोप्राइटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/कम्पनिको हकमा कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको प्रतिलिपि ।